# बाल संरक्षणमा

## बालमैत्री विद्यालयको सन्दर्भ र आजको अवस्था

भोलाप्रसाद दाहाल

# प्रस्तुतिको खाका

- ✓ ऐतिहासिक सन्दर्भ
- ✓ बालमैत्री विद्यालय अवधारणा र अपेक्षा
- ✓ बालमैत्री विद्यालय र बाल संरक्षण
- ✓ सरकारी प्रयास र कार्यान्वयन अवस्था
- ✓ भोलिको बाटो

# ऐतिहासिक पृष्ठभूमि

- सन् २००० देखि सशस्त्र सघंर्षमा बालबालिकाको प्रयोग र त्यसको सबभन्दा बढी नकारात्मक असर बालबालिकामा
- बालबालिका, विद्यालय र बालअधिकार कर्मीको संरक्षण र न्यूनतम सेवा तथा सुविधाको निरन्तरका लागि पहल (२००१)
- बालअधिकार कर्मीहरु आफैले आफ्नो आचारसंहिता जारी (२००२)
- बालबालिकाको संरक्षणका लागि १० बुँदे बालबालिका शान्तिक्षेत्रको अवधारणा सार्वजनिक (२००३)
- बालबालिका शान्तिक्षेत्र अभियानको प्रारम्भ (२००४)
- बालमैत्री विद्यालय खाकाँ र तालीम, प्रशिक्षण निर्देशिका (२००२-०५)
- आठ बुँदे सुरक्षाकर्मीलाई आचारसंहिता (२००५)
- बालअधिकार आवधिक प्रतिवेदन तयारी र बालक्लबको भलबाढी, (२०००-०५)
- बृहत शान्ति सम्झौता र अन्तरीम संविधानपछि नीति निर्देशिकाको खेती

# बालमैत्री विद्यालय अवधारणा र अपेक्षा

- विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने
- बालबालिकासँग सम्बन्धित विशेष दिनहरुमा युद्धविराम तथा बालअधिकारकर्मी र राहतकर्मीलाई प्रवेश
- बालबालिकालाई अत्यावश्यक सेवा तथा सामग्रीको आपूर्तिमा सहजीकरण
- बालबालिकाले उपयोग गर्ने सवारी साधनको बचावट र संचालन
- बालबालिकाको सहभागिता र सञ्चालनका कार्यक्रमको निरन्तरता
- बालबालिकालाई असर गर्ने गर्ने सामग्री प्रसारमा आमसञ्चार माध्यम सजग
- बालबालिकाप्रति बालमैत्री ब्यवहार र सशस्त्र संघर्षमा बालबालिकाको असम्लग्नता
- उद्धार, राहत तथा पुनस्थापना कार्यक्रममा बालबालिकालाई प्राथमिकता
- बालअधिकारकर्मी र संघसंस्थालाई मानवीय कार्यमा सहजता, सहमति, स्वीकृति
- शान्ति शिक्षा र शान्ति सँस्कारको विकास र प्रवर्धन

# बालमैत्री विद्यालयको परिकल्पना

- **विद्यालय र सिकाइमा प्रभावकारिता** (६ क्षेत्र, १५ बिषय, १५ सूचक)
- **विद्यालय र सिकाइमा समावेशीकरण** (५ क्षेत्र, ९ बिषय, ९ सूचक)
- **शिक्षा र व्यवस्थापनमा लैगिंक समता** (३ क्षेत्र, ११ बिषय, ११ सूचक)
- **समुदाय र सरोकारवालहरुको सहभागिता** (१ क्षेत्र, ३ बिषय, १४ सूचक)
- **स्वास्थ्य, सुरक्षा र बचावटको सुनिश्चितता** (३ क्षेत्र, ३ बिषय, १३ सूचक)
- **न्यूनतम बालममैत्री पूर्वाधारको ब्यवस्था** (१ क्षेत्र, १८बिषय, ४५ सूचक)
- **बालशुलभ शिक्षण सिकाइ क्रियाकलाप** (६ क्षेत्र, १३ बिषय, १५ सूचक)
- **मातृभाषामा शिक्षणसिकाइको ब्यवस्थापन** (५ क्षेत्र, ७ बिषय, ७ सूचक)
- **पारदर्शी, उत्तरदायी सहभागिमूलक विद्यालय ब्यस्थापन** (४ क्षेत्र, १३ बिषय, २० सूचक)

# बालमैत्री विद्यालयको कार्यान्वयनः यता न उता

- ३४ क्षेत्र, ९२ बिषय र १४९ सूचक कार्यान्वयन सम्भव छ कि छैन
- दिइएका सूचकहरूको आधारमा विद्यालयका स्तर पहिचान गर्ने,
- विद्यालयहरूल स्वमूल्याङ्कन गरी बालमैत्री विद्यालयको स्थिति पत्ता लगाउने,
- विद्यालयहरूलाई बालमैत्री विद्यालयमा रूपान्तरण गर्न सक्षमता विकास गर्ने,
- बालमैत्री विद्यालय बनाउन आवश्यक स्थानीय स्रोत साधन जुटाउन मार्गनिर्देश गर्ने,
- अधिकारमा आधारित गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने ।

# बालमैत्री विद्यालयको यथार्थता

- **विद्यालय र सिकाइमा प्रभावकारिता:** कक्षोन्नति र सिकाइ उपलब्धीको गिर्दो
- **विद्यालय र सिकाइमा समावेशीकरण:** पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, भौतिक निर्माण, समिति र कार्यक्रममा केन्द्रीयता र परम्परागत चिन्तन हावी
- **शिक्षा र व्यवस्थापनमा लैगिंक समता:** महिला अझै दोस्रो नागरिक, संख्यात्मकतामा जोड, देखावटी दयापात्रका रुपमा विकास
- **समुदाय र सरोकारवालहरुको सहभागिता:** खास ब्यक्ति र समुदायको बाहुल्यता
- **स्वास्थ्य, सुरक्षा र बचावटको सुनिश्चितता:** विद्यालयको तेस्रो प्राथमिकता
- **न्यूनतम बालममैत्री पूर्वाधारको ब्यवस्था:** राम्रो शिक्षकलाई, त्यसपछि माथिल्लो कक्षालाई, केही नभएको कोठा बालबिकास केन्द्रलाई । पहिलो शहरमा अनि गाँउ र टाढालाई
- **बालशुलभ शिक्षण सिकाइ क्रियाकलाप:** शिक्षक केन्द्रीत किताब घोक्ने र सम्झने
- **मातृभाषामा शिक्षणसिकाइको ब्यवस्थापन:** विद्यालय र अभिभावकको जिम्मा

# बालमैत्री विद्यालय र बाल संरक्षण

- ४० भन्दा बढी नीति तथा निर्देशिका जस्तैः
  - बालबालिकासम्बन्धी राष्ट्रिय नीति,
  - बालमैत्री विद्यालय प्रारुप,
  - विद्यालय शान्तिक्षेत्र निर्देशिका
  - भयरहित शिक्षण,
  - बाल संरक्षण समिति निर्देशिका,
  - विद्यालय स्वास्थ्य पोषण निर्देशिका,
  - विद्यालय खाजा व्यवस्थापन निदेशिका,
  - बहुभाषा शिक्षण निर्देशिका
- के हो के होइन ?
- के गर्ने के नगर्ने ?
- कसले, किन र कहिले गर्ने ?
- गर्दा नगर्दा के हुने ? कसरी गर्ने ?

# सरकारी प्रयास र कार्यान्वयन अवस्था

- नीति, कार्यविधि, निर्देशिका र निर्देशनको बाढी
- विविध समिति, निकाय र संरचनाको गठन तथा कार्यादेश निर्धारण
- दीर्घकालीन तथा अल्पकालीन योजना र कार्यक्रममा बालबालिका समाहित
- बालक्लब र तिनका सञ्जालहरुको निर्माण र अभिमुखीकरण
- समानान्तर नीति, निकाय र योजना (बालमैत्री विद्यालय, बालमैत्री गाविस)
- निकायबीचको समन्वय, बजेट बाँडफाँड र कार्यान्वयनमा उदासिनता
- लेखाइ बुझाइ, भनाइ गराइमा आकाशपातालको फरक
- उत्तरदायित्व र जवाफदेहितामा शून्यता
- नीति, बजेट र नतिजामा बेमेल तथा वेवास्ता
- स्थानीय निकाय, परिवेश र राम्रा सँस्कृतिको बेवास्ता र अविश्वास

# भोलिको बाटो

- सहभागितात्मक स्थानीय र राष्ट्रिय नीति तथा निर्देशिकाको निर्माण, अभिमुखीकरण, कार्यान्वयन र अनुगमन
- सरकार, निजी क्षेत्र र सामाजिक सँस्थाबीच सहकार्य  र जिम्मेवारी बाँडफाँड
- स्थानीय सरकारको अनिवार्य लगानी, ब्यवस्थापन र निगरानी
- कार्यमूलक नीतिसँगसँगै बजेट र नतिजा अनुगमन
- बालबालिका र तिनीहरुको समूहसँग सहकार्य, क्षमता विकास र उनीहरुबाट निगरानी
- बालसँरक्षणको बिषय परिवार र कक्षाकोठामा छलफल, गुनासो सुन्ने संरचना, विधि र प्रक्रिया निर्धारण, दण्ड तथा क्षतिपूर्तिको ब्यवस्था
- ब्यवहारिक र जीवनोपयोगी सीप, ज्ञान, र सँस्कारमा सक्षमता सिकाइको केन्द्र
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, मूल्यांकन र विद्यालय ब्यवस्थापनमा बालमैत्री र बालशुलभ एकीकृत योजना, समिति र समीक्षा

# सधन्यवाद !!!